आईएमई लाइफको फुटसल प्रतियोगिता

■ आर्थिक संवाददाता
काठमाडौं, भदौ ८

आईएमई लाइफ इन्स्योरेन्स कम्पनीले आफ्नो आठौं वार्षिकोत्सवको अवसरमा गरेको फुटसल प्रतियोगिता सम्पन्न भएको छ । कम्पनीले 'खेलकुदमार्फत स्वास्थ्य, एकता र ऊर्जा' भन्ने नाराका साथ आयोजित प्रतियोगितामा कम्पनीका विभिन्न विभाग र शाखाका कर्मचारीरूको उत्साहपूर्ण सहभागिता रहेको थियो । कार्यक्रमको उद्देश्य कर्मचारीबीच आपसी समन्वय, टिमवर्क र स्वस्थ प्रतिस्पर्धाको भावना विकास गर्नुका साथै कार्यस्थलमा ऊर्जा र उत्साह थप्नु रहेको कम्पनीले जनाएको छ । उक्त फुटसल प्रतियोगितामा उत्कृष्ट खेलाडी, गोलरक्षक र शीर्ष गोलकर्तालाई पुरस्कार प्रदान गरिएको थियो ।

राष्ट्रिय वाणिज्य बैंकको कर्जामा चाडपर्वलक्षित अफर

■ आर्थिक संवाददाता
काठमाडौं, भदौ ८

राष्ट्रिय वाणिज्य बैंकले चाडपर्व लक्षित गरेर विभिन्न कर्जामा अफर सार्वजनिक गरेको छ । बैंकका सूचना अधिकारी पवन रेग्मीले जारी गरेको विज्ञप्तिमा घर कर्जा २० वर्ष अवधिका लागि छ दशमलव ३० प्रतिशतमा पाँच करोडसम्म प्रदान गर्न सकिने उल्लेख छ ।

यसैगरी विद्युतीय सवारीसाधान खरिद गर्न चाहने ग्राहकहरूका लागि सात वर्ष अवधिको छ दशमलव १० प्रतिशत ब्याजदरमा एक करोडसम्मको कर्जा उपलब्ध गराउने बैंकले जनाएको छ । बैंकले इन्धन प्रयोग हुने सवारीसाधन खरिद गर्न चाहने ग्राहकका लागि छ दशमलव ८० प्रतिशत ब्याजदरमा सात वर्षसम्मका लागि एक करोडसम्म कर्जा प्रवाह गर्न सकिने विज्ञप्तिमा उल्लेख गरेको छ । चाडपर्वको समयमा सवारीसाधन तथा घर खरिद गर्नेहरूको संख्या अधिक रहने भएका कारण सेवाग्राहीहरूलाई सहज होस् भन्ने उद्देश्यका साथ चाडपर्व विशेष कर्जा अफर ल्याएको सूचना अधिकारी रेग्मीले बताए ।

सुनिल पौडेललाई भ्रष्टाचार मुद्दामा एक लाख धरौटीमा रिहा गर्न आदेश

काठमाडौं, भदौ ८ । विशेष अदालतले भ्रष्टाचार मुद्दामा एक लाख रूपैयाँ धरौटीमा राष्ट्रिय सूचना प्रविधि केन्द्रका तत्कालीन कार्यकारी निर्देशक सुनिल पौडेललाई रिहा गर्न आदेश दिएको छ । केन्द्रका तत्कालीन निर्देशक हुँदा करिब १६ करोड रूपैयाँ बराबरको भ्रष्टाचार गरेको आरोप लागेका उनलाई एक लाख रूपैयाँ धरौटीमा रिहा गर्न आदेश दिइएको हो ।

विशेष अदालतका अध्यक्ष न्यायाधीश टेकनारायण कुँवर तथा सदस्य न्यायाधीश मुरारीबाबु श्रेष्ठ र विदुर कोइरालाको इजलासले आइतबार अदालतमा हाजिर भएका पौडेलको बयान सुनेपछि र थुनछेक बहस सम्पन्न गर्दै धरौटीमा रिहा गर्ने आदेश दिएका हुन् ।

अख्तियार दुरूपयोग अनुसन्धान आयोगले राष्ट्रिय सूचना प्रविधि केन्द्रका लागि आवश्यक सामग्री खरिद गर्दा भ्रष्टाचार गरेको भन्दै विशेष अदालतमा मुद्दा दायर गरेको थियो । अख्तियारले बिगो र कैद माग गर्दै मुद्दा दायर गरेको थियो । उनीविरूद्ध केन्द्रका लागि आर्थिक वर्ष २०७४/७५ मा आह्वान गरिएको बोलपत्र 'एनआईटीसी, जी, एनसीबी-७-०७४/७५ सुरक्षा तथा नेटवर्कसम्बन्धी सामग्री' खरिदमा भ्रष्टाचार गरेको आरोप रहेको छ । पौडेलले नेपालका लागि एफ फाइभ कम्पनीका प्रतिनिधि भारतीय नागरिक दिपक आनन्द (पासपोर्ट नम्बर जेट ४३६२९३२)सँग मिलेमतो गरी केन्द्रलाई आवश्यक सामग्री खरिद गर्दा भ्रष्टाचार गरेको आरोप अख्तियारले लगाएको थियो । अख्तियारका अनुसार आनन्दले केन्द्रका लागि आवश्यक सामग्री खरिदको क्रममा तीन करोड आठ लाख ५० हजार चार सय घुस दिएका थिए ।

उक्त घुस रकम युनिभर्सल प्रोक्युमेन्ट सिस्टममार्फत सिंगापुर पठाइएको छ । आनन्दले दिने घुस रकम पौडेलले स्वीकार समेत गरेका छन् । आनन्दले पौडेललाई अमेरिकामा रहेको बैंक खाता र भारतमा घुस रकम लेनदेनका लागि सहमत गरेका छन् । पौडेलले आनन्दसँग मिलेमतोमा प्रतिस्पर्धाका लागि तीनवटा कम्पनीहरु इन्स्टासेफ टेक्नोलोजी प्रालि, बंगेलोर एक्सक्लुसिभ नेटवर्क एसिया प्रालि, सिंगापुर र टेकडाटा प्रालिसँग कोटेसन माग गरेका थिए । ती कम्पनीहरूले दिएको कोटेसन प्राप्त गरी सोही आधारमा पौडेलले कर्मचारीहरूलाई प्राविधिक निर्देशिका तयार गरी बोलपत्र आह्वान गरेका पाइन्छ । पौडेलले पूर्वयोजनाअनुरूप एकमात्र बोलपत्रदाताको रूपमा अस्ट्रल कम्प्युटर नेपाल प्रालिलाई प्रस्ताव पेस गर्न लगाई स्वीकृत गरेका छन् ।

Government of Nepal
Ministry of Physical Infrastructure and Transport
Department of Roads

Road Division Damak

Invitation of Bids

Notice Number: 4-2082/83

(Date of Publication:- 2082-05-09, (25th Aug 2025))

1. Roads Division Damak invites electronic bids from duly registered eligible national bidders for the following Works under National Competitive Bidding Procedure.

S. N.	Contract Identification Number	Description and Location of Work	Average Annual Construction Turnover, NRs, Million	Specific Experience Requirements	Bid Capacity NRs, Million	Bid Document Fee (NRs)	Bid Security Amount (NRs)	Bid Validity Period / Bid Security Validity Period	Estimate Amount (without VAT, PS & Contingencies) NRs.	Remarks
1	RD-DMK/3370 1169-4/2082/83-21	Blacktopped Road Construction Works including related Structural Works along Schoolchaun Doramari Aarati Nagar Khajurganchi Sadak Gauradaha 4,5,6,7 hundai Gaurigunj 6 ,Jhapa.	-	-	-	3,000.00	2,60,000.00	90 days / 120 days	1,00,49,944.51	Single Stage Single Envelope Bidding Procedure
2	RD-DMK/3370 1169-4/2082/83-22	Blacktopped Road Construction Works including related Structural Works along Kohobhara Gwaldubba Mahabhara Sadak , Gauradaha,Jhapa.	-	-	-	3,000.00	4,20,000.00	90 days / 120 days	1,62,71,101.93	
3	RD-DMK/3370 1169-4/2082/83-23	Blacktopped Road Construction Works including related Structural Works along Aaditya Marg, Milan Chowk Hudai Kanchanjangha aabi jodne Bato, Kamal, Jhapa	40.00	As Stated in Section III Evaluation and Qualification Criteria of Bid Document	21.00	5,000.00	6,50,000.00	90 days / 120 days	-	Single Stage Two Envelope Bidding Procedure
4	RD-DMK/3370 1169-4/2082/83-24	Blacktopped Road Construction Works including related Structural Works along Jhapa jilla, Bhadrapur Na.Pa. wada 8, Bhadrasiwa tolko Tamangko Ghar dekhi Khumbuko gharnera Bhadrasiwa Mandir samma Jodne Dhal nikasa sahit marmat ra starunnati , Bhadrapur , Jhapa	38.00		20.00	5,000.00	6,20,000.00	90 days / 120 days		
5	RD-DMK/3370 1169-4/2082/83-25	Blacktopped Road Construction Works including related Structural Works along Thirubam Path ,Mechinagar,Jhapa	40.00		21.00	5,000.00	6,50,000.00	90 days / 120 days		
6	RD-DMK/3370 1169-4/2082/83-26	Blacktopped Road Construction Works including related Structural Works along Milanchok Hudai Mangali Jodne sadak Starunnati Mechi Na.Pa. 11 , Jhapa	40.00		21.00	5,000.00	6,50,000.00	90 days / 120 days		
7	RD-DMK/3370 1169-4/2082/83-27	Blacktopped Road Construction Works including related Structural Works along Jirait Toleko Sadak Staronnati Birtamode Na. Pa. 5 , Jhapa	40.00		21.00	5,000.00	6,50,000.00	90 days / 120 days		
8	RD-DMK/3370 1169-4/2082/83-28	Blacktopped Road Construction Works including related Structural Works along Panini Ma.Vi. Sano Arnakhadi Hundai Ring Road Joddne Sadak ,Jhapa	40.00		21.00	5,000.00	6,50,000.00	90 days / 120 days		
9	RD-DMK/3370 1169-4/2082/83-29	Blacktopped Road Construction Works including related Structural Works along Bhadrapur Na. Pa. Ward No. 10 Gaurishankhar marga,Bhadrapur,Jhapa	38.00		20.00	5,000.00	6,20,000.00	90 days / 120 days		
10	RD-DMK/3370 1169-4/2082/83-30	Blacktopped Road Construction Works including related Structural Works along Birtamod Goldhap Sundarpur Sadak Banki Khanda 1 KM, Bahradashi 3,Jhapa	40.00		21.00	5,000.00	6,50,000.00	90 days / 120 days		
11	RD-DMK/3370 1169-4/2082/83-31	Blacktopped Road Construction Works including related Structural Works along Birtamode Ring Road, Jhapa	52.00		28.00	5,000.00	8,65,000.00	90 days / 120 days		

2. Details of Bid & Information to Deposit the Bid Security Amount (In Case of Cash Deposit)

Last date of Submission	2082-06-08 (24th Sep 2025) Time:- 12:00 hrs	Name of Bank	Rastriya Banijya Bank Ltd, Bhadrapur, Jhapa
Date of Bid Opening	2082-06-08 (24th Sep 2025) Time:- 12:15 hrs	Account Name	Ko. Le. Ni. Ka. Jhapa
Pre-bid meeting	2082-05-29 (14th Sep 2025) Time:- 11:00 hrs	Deposit Account No.	2210100102030000

3. Information to Purchase the Bidding Document

Name of the Bank	Name of the Office	Office Code No.	Office Revenue Account No.	Office Revenue Head No.
Rastriya Banijya Bank Ltd, Damak, Jhapa	Roads Division Damak, Jhapa	337011201	1000200010000	14229

4. Electronic bids must be submitted through PPMO's portal www.bolpatra.gov.np/egp.
5. Roads Division Damak reserves the right to reject or accept or cancel any bid partially or in full, without assigning any reason,whatsoever.